**काठमाडौं महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**४३ औं नगर कार्यपालिका बैठकको निर्णयहरू**
मितिः २०८२ असोज ३१ गते, शुक्रवार (नेपाल संवत ११४५ कौलागा एकादसि)

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १ | प्रशासन विभाग | फर्निचर तथा कार्यालय मालसामानको लागि कलंकी मालपोत कार्यालयलाई १० लाख रुपैया र डिल्लीबजार मालपोत कार्यालयलाई १५ लाख रुपैया अनुदान सहायता उपलब्ध गराउने सम्बन्धमा । | प्रतिवेदन पेश गर्ने तथा लेखा परिक्षणको जिम्मेवार वनाउने गरी चालु आ.ब.को बजेट क्र.सं. ११७ खर्च संक्रेत नं. २२४१९ विभिन्न निकायहरुलाई सेवा प्रवाह सुधार सहयोग (संघीय तथा प्रदेशस्तरीय राजश्व वाँडफाँड गर्ने निकायलाई राजश्व संग सम्वन्धित विषयमा सुदृढिकरणका लागि कार्यक्रम सशर्त अनुदान सहयोग समेत शिर्षकमा विनियोजित रु. ५० लाख मध्ये रु. १५ लाख डिल्लीवजार मालपोत कार्यालय र रु. १० लाख कलंकी मालपोत कार्यालयलाई तोकिएको क्षेत्र र उद्देश्यमा खर्च गर्ने गरी अनुदान स्वरुप उपलब्ध गराउने । |
| २ | प्रशासन विभाग | "महानगर अस्पताल" निर्माणको लागि नेपाल सरकारको स्वामित्वमा रहेको नेपाल स्काउटको जग्गा लिजमा लिने सम्बन्धमा । | महानगर अस्पताल निर्माणको लागि जग्गा लिजमा लिने सम्बन्धमा देहाय बमोजिम गर्नेः<br>१. नेपाल सरकार स्वामित्वमा रहेको वडा नं. २६ स्थित नेपाल स्काउटको कित्ता नं. ५२ मा रहेको २ रोपनी ६ आना २ पैसा २ दामको क्षेत्रफलमा रहेको जग्गा ३० वर्षका लागि भाडामा लिएर "महानगर अस्पताल" निर्माण गर्न अनुमति दिने ।<br>२. सो प्रयोजनका लागि नेपाल स्काउटसँग आवश्यक सहमति र सम्झौता गर्न महानगर वडा नम्वर २६ का वडा अध्यक्षलाई अधिकार प्रत्यायोजन गर्ने ।<br>३. जग्गा भाडा दर र सम्झौताका सर्तहरू सम्बन्धित कानूनी निकायको परामर्श र संघीय सरकारको स्वीकृति लिएर टुंग्याउने ।<br>४. आवश्यक कानूनी प्रक्रिया (जग्गा उपयोग अनुमति, नाप नक्सा स्वीकृति, सम्झौता मस्यौदा आदि) पूरा गरी निर्माण कार्य अघि बढाउने ।<br>५. अस्पताल निर्माण तथा सञ्चालनका लागि महानगरको स्वास्थ्य विभाग र योजना तथा अनुगमन एकाईलाई जिम्मेवारी तोक्ने ।<br>६. यस कार्यका लागि सार्वजनिक निर्माण विभागको खर्च संक्रेत नं. ३११५९ र अन्य वजेट यस संग सम्वन्धित शिर्षकवाट खर्च ब्यहोर्ने । |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| ३ | कानुन तथा मानव अधिकार विभाग | राष्ट्रिय सभागृह सञ्चालन निर्देशिका, २०८२ स्वीकृत गर्ने सम्बन्धमा । | राष्ट्रिय सभागृह सञ्चालन निर्देशिका, २०८२ संशोधन सहित स्वीकृत गर्ने । |
| ४ | सामाजिक विकास विभाग | बालकल्याण अधिकारी तोक्ने निर्णय अनुमोदन गर्ने सम्बन्धमा । | बालबालिका सम्बन्धी ऐन, २०७५ को परिच्छेद ६ र बालबालिका सम्बन्धी नियमावली २०७८ को परिच्छेद १० मा प्रत्येक स्थानीय तहमा एक जना बालकल्याण अधिकारी रहने व्यवस्था बमोजिम काठमाडौं महानगरपालिका सामाजिक विकास विभाग अन्तर्गत रही बाल कल्याण अधिकारीले गर्नुपर्ने कार्य गर्न अधिकृतस्तर सातौं श्री विनिता शर्मालाई बालकल्याण अधिकारी तोक्ने प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने । |
| ५ | सामाजिक विकास विभाग | काठमाडौं महानगरपालिका सिप तथा तालिम परिषद् स्थापना र सञ्चालन सम्बन्धी कार्यविधि ऐन तर्जुमाको लागि सैद्धान्तिक सहमती सम्बन्धमा । | काठमाडौं महानगरपालिकाको सिप तथा तालिम परिषद् स्थापना र सञ्चालन सम्वन्धी कार्यविधि ऐन २०८२, को तर्जुमा सम्बन्धमा सैद्धान्तिक सहमति प्रदान गर्ने । |
| ६ | वातावरण व्यवस्थापन विभाग | वडा नम्वर ५ स्थित टंगालमा व्यवसायिक भवन निर्माण तथा सञ्चालन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा । | वडा नम्वर ५ स्थित टंगालमा व्यवसायिक भवन निर्माण तथा सञ्चालन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने । |
| ७ | वातावरण व्यवस्थापन विभाग | वडा नम्वर १ दरबारमार्ग स्थित शेर्पा मल भवन निर्माण तथा सञ्चालन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा । | वडा नम्वर १ दरबारमार्ग स्थित शेर्पा मल भवन निर्माण तथा सञ्चालन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने । |
| ८ | वातावरण व्यवस्थापन विभाग | वडा नम्वर १ नक्साल स्थित कुमारी बैंकको संस्थागत भवन निर्माण तथा सञ्चालन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा । | वडा नम्वर १ नक्साल स्थित कुमारी बैंकको संस्थागत भवन निर्माण तथा सञ्चालन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने । |
| ९ | स्वास्थ्य विभाग | काठमाडौं महानगरपालिका र नेपाल एम्बुलेन्स सेवा वीचको सम्झौता नविकरणको निर्णय अनुमोदन गर्ने सम्बन्धमा । | काठमाडौं महानगरपालिका र नेपाल एम्बुलेन्स सेवा (NAS) बिच महानगरपालिका क्षेत्रभित्र विरामीहरुलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने सम्झौता नविकरण गर्ने सम्बन्धमा मिति २०८१।०५।२२ गतेको नगर प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गर्ने । |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १० | स्वास्थ्य विभाग | स्वास्थ्य विमा लागू भएका १० वटा स्वास्थ्य प्रबर्धन केन्द्रहरुमा (मेडिकल अधिकृत-१, ल्याब टेक्निसियन-१, कार्यालय सहयोगी-१) थप जनशक्ती (करारमा) व्यवस्थापन सम्बन्धी निर्णय अनुमोदन गर्ने सम्बन्धमा । | सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रहरुका लागि १३ औं नगरसभाबाट स्वीकृत अस्थायी दरबन्दी मध्ये स्वास्थ्य बीमा लागु भएका १० वटा स्वास्थ्य प्रवर्द्धन केन्द्रहरुमा तपसिल बमोजिमको जनशक्ति (करारमा) थप गर्न मिति २०८२।०५।२२ मा भएको नगर प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गरि थप जनशक्तिहरुको व्यवस्थापन गर्न स्वीकृती दिने । |
| ११ | सहरी योजना आयोगको सचिवालय | शहरी योजना आयोगमा सदस्यको रुपमा सुरज शाक्य र सुमन प्रधानलाई गरिएको नियुक्ती अनुमोदन गर्ने सम्बन्धमा । | काठमाडौ महानगरपालिका सहरी योजना आयोगमा रिक्त सदस्यमा नियुक्त सुरज शाक्य (मिति २०८२।५।२९ को प्रमुखस्तरीय निर्णय) र सुमन प्रधान (मिति २०८२।६।२८ को प्रमुखस्तरीय निर्णय) को नियुक्ति सम्बन्धी निर्णय अनुमोदन गर्ने । |
| १२ | सूचना प्रविधि विभाग | सफ्टवेयर विकास तथा सञ्चालन केन्द्र स्थापनाको लागि आवश्यक जनशक्तीको व्यवस्थापन गर्ने निर्णय अनुमोदन गर्ने सम्बन्धमा । | काठमाडौं महानगरपालिका सूचना प्रविधि विभाग अन्तर्गत “सफ्टवेयर विकास तथा संचालन केन्द्र” स्थापना गर्नका लागि मिति २०८२/०५/३० गते नगरप्रमुखज्यू बाट स्वीकृत भएको करार दरबन्दी संरचना सम्बन्धि निर्णय अनुमोदन गर्ने । |
| १३ | सार्वजनिक निर्माण विभाग | Maintenance works at Hanumandhoka Durbar Premises & Dabail कार्यमा पूर्वनिर्धारित हनुमानढोका दरबार क्षेत्र अन्तर्गत कार्य गरी बाँकी रहने परिमाण माग र आवश्यकता अनुसार अन्य स्थानमा स्थानान्तरण गर्ने निर्णय अनुमोदन सम्बन्धमा । | वसन्तपुर स्थित हनुमानढोका दरबार क्षेत्र अन्तर्गतका स्थानहरुमा Maintenance works at Hanumandhoka Durbar Premises & Dabali (IFBm: 32-131-NCBW-079-080-PWD-KMC कार्यको पूर्व निर्धारित अत्यावश्यक स्थानमा कार्य गरी बाँकी रहने परिमाण आवश्यकता र मागका आधारमा १ देखि ३२ वटै वडा क्षेत्रमा कार्य गर्न काठमाडौं महानगरपालिका सार्वजनिक खरीद नियमावली, २०७९ लाई संशोधन गर्न बनेको नियमावली, २०८० को नियम ४ को १२(क)(४) बमोजिम योजना स्थानान्तरण गर्ने लागि श्रीमान् प्रमुखज्यूको मिति २०८२/०६/२८ को निर्णय अनुमोदन गर्ने । |
| १४ | अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय | CITYNET द्वारा इन्डोनेसियामा आयोजना हुने 45th CITYNET EXECUTIVE COMMITTEE MEETING कार्यक्रममा सहभागिताको लागि वडा नम्वर १६ का वडाध्यक्ष श्री रोजिना श्रेष्ठलाई गरिएको मनोनयन अनुमोदन गर्ने सम्बन्धमा । | Indonesia को Denpasar मा "45th CITYNET EXECUTIVE COMMITTEE MEETING" कार्यक्रममा सहभागिताको लागि काठमाडौं महानगरपालिका वडा नम्बर १६ का वडा अध्यक्ष श्री रोजिना श्रेष्ठ ज्यूलाई मनोनयन गर्ने मिति २०८२/०६/०५ को प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने । |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| विविध (क) | स्वास्थ्य विभाग | ३५ वटा गाउँपालिकालाई एम्बुलेन्स खरिदको लागि २२ लाख ९९ हजार रुपैयाको दरले अनुदान सहायता उपलब्ध गराउने निर्णय अनुमोदन गर्ने सम्बन्धमा । | चालु आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रममा "विभिन्न ३५ वटा गाउँपालिकाहरुलाई मागको आधारमा एम्बुलेन्स अनुदान सहयोग" शीर्षकमा विनियोजित रकम रु. ८,१०,००,०००।- (अक्षरुपी आठ करोड दश लाख मात्र) बाट तपसिल बमोजिमका गाउँपालिकाहरुलाई एम्बुलेन्स खरिद बापतको रकम उपलब्ध गराउन मिति २०८२।०६।०७ मा भएको नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गरि निकासा दिन स्वीकृति गर्ने । |
| (ख) | वातावरण व्यवस्थान विभाग | यन्त्र तथा उपकरण महाशाखामा कार्यरत प्राविधिकहरु तथा अन्य कर्मचारीलाई एप्रोन सुविधा वापत उपलब्ध गराउदै आएको रकम वृद्धि गरी वार्षिक रु. ८,०००।- उपलब्ध गराउने । | यन्त्र तथा उपकरण महाशाखामा कार्यरत प्राविधिकहरु र अन्य कर्मचारीहरुलाई एप्रोन सुविधा वापत उपलब्ध गराउदै आएको रकम वृद्धि गरी वार्षिक रु. ८,०००।-(आठ हजार रुपैया मात्र) उपलब्ध गराउने । |